# शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन नियमावली, २०७४

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा १९ ले दिएको अधिकार प्रयोग गरी विश्वविद्यालय अनुदान आयोगले देहायका नियम बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस नियमावलीको नाम " शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्वन्धी नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली नेपाल सरकारबाट स्वीकृत प्राप्त भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियममा,-

(क) 'ऐन' भन्नाले विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० सम्झनुपर्दछ ।

(ख) 'नियम' भन्नाले विश्वविद्यालय अनुदान आयोगको नियमावली, २०६० सम्झनु पर्दछ ।

(ग) 'निर्देशिका' भन्नाले विश्वविद्यालय अनुदान आयोग उच्च शिक्षा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन निर्देशिका सम्झनुपर्दछ ।

(घ) 'आयोग' भन्नाले विश्वविद्यालय अनुदान आयोग सम्झनुपर्दछ ।

(ङ) 'परिषद्' भन्नाले आयोगले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्वन्धी काम गर्ने निकायको रुपमा आयोगवाट गठित गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्लाई सम्झनुपर्दछ ।

(च) 'उच्च शिक्षा' भन्नाले विश्वविद्यालय वा सो सरहका प्रतिष्ठान, महाविद्यालय वा अन्य उच्च शैक्षिक संस्थाहरुको स्नातक वा सोभन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रमहरु अन्तर्गत दिइने शिक्षा सम्झनुपर्दछ ।

(छ) 'उच्च शैक्षिक संस्था' भन्नाले उच्च शिक्षा प्रदान गर्ने प्रचलित नेपाल कानुन अन्तर्गत स्थापित विश्वविद्यालयहरु तथा त्यस्ता विश्वविद्यालयवाट सम्वन्धन लिइ सञ्चालनमा रहेका उच्च शैक्षिक संस्था (क्याम्पस) हरु, विश्वविद्यालय सरहका प्रतिष्ठान, महाविद्यालय र स्नातक वा सोभन्दा माथिल्लो तहका शैक्षिक कार्यक्रमहरु अन्तरगत दिइने शैक्षिक उपाधी प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

(ज) 'शैक्षिक उपाधि' भन्नाले उच्च शिक्षाको शैक्षिक उपाधि प्रदान गर्न अख्तियारी पाएका विश्वविद्यालय वा सो सरहका प्रतिष्ठान महाविद्यालय वा अन्य उच्च शैक्षिक संस्थाहरुको स्नातक वा सो भन्दा माथिल्लो तहका

शैक्षिक कार्यक्रमहरुमा सफल वा उत्तीर्ण विद्यार्थीलाई प्रदान गरिने शैक्षिक उपाधी सम्झनुपर्दछ ।

(झ) 'गुणस्तर' भन्नाले उच्च शिक्षाको सम्बन्धमा परिषद्‌बाट निर्धारित वा अनुमोदित न्यूनतम योग्यताहरु वा प्रारम्भिक पूर्वाधारहरु, आवश्यकताहरु र शर्तहरु, मानक, सूचकहरु तथा मापदण्डहरु, लक्षणहरु तथा विशेषताहरुका सामुहिक स्वरुपहरुलाई सम्झनुपर्दछ ।

(ञ) 'समकक्षी परीक्षण' भन्नाले उच्च शैक्षिक संस्था वा शैक्षिक कार्यक्रमको स्वपरीक्षण वा आन्तरीक परीक्षण र स्थलगत निरीक्षणको आधारमा परिषद्को तर्फबाट विशेषज्ञहरुबाट गरिने स्वतन्त्र वाह्य अन्तिम परीक्षण सम्झनु पर्छ । यसलाई अंग्रेजीमा पियर रिभ्यू एसिसमेन्ट (Peer Review Assessment) भनिने छ ।

(ट) 'गुणस्तर सुनिश्चितता' भन्नाले उच्च शिक्षाको सम्बन्धमा यस परिषद्‌बाट निर्धारित न्यूनतम योग्यताहरु र मापदण्डहरु तोकिएको विधिद्वारा जाँच गरी पूरा गरेको स्थितिलाई सम्झनु पर्दछ । यसलाई अंग्रेजीमा क्वालीटी एस्योरेन्स (Quality Assurance) भनिने छ ।

(ठ) 'प्रत्यायन' भन्नाले परिषद्ले तोकेको प्रत्यायन प्रणाली र प्रकृयाहरु अनुसार उच्च शैक्षिक संस्था वा शैक्षिक कार्यक्रमको गुणस्तरको प्रमाणिकरणलाई सम्झनु पर्छ । यस शव्दले प्रत्यायन प्रमाणपत्र समेतलाई जनाउँछ । यसलाई अंग्रेजीमा एक्रीडिटेसन (Accreditation) भनिने छ ।

(ड) 'प्रत्यायनकृत संस्था वा कार्यक्रम' भन्नाले परिषद्को सिफारिसमा आयोगबाट प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको उच्च शैक्षिक संस्था वा शैक्षिक कार्यक्रम सम्झनु पर्छ । यसलाई अग्रजीमा एक्रीडिटेट इन्स्टिच्यूसन अर प्रोग्राम (Accredited Institute or Program) भनिने छ ।

(ढ) 'स्वपरीक्षण' भन्नाले परिषद्‌बाट निर्धारित मानकहरु र सूचकहरुको आधारमा उच्च शैक्षिक संस्था वा शैक्षिक कार्यक्रम स्वयंले गर्ने आन्तरीक परीक्षण सम्झनु पर्छ । यो शव्दले उच्च शैक्षिक संस्था वा कार्यक्रमहरुको स्वयम् आफ्नो उद्देश्य, नीति, योजना, संरचना र व्यवस्थापन तथा स्रोत साधनहरुको समीक्षा वा अध्ययन र परीक्षणबाट स्थापित वास्तविक स्थिति समेतलाई जनाउँछ । यसलाई अंग्रेजीमा सेल्फ स्टडी अथवा सेल्फ एसिसमेन्ट (Self Study or Self Assessment) भनिने छ ।

## परिच्छेद-२

## शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्

३. परिषदको गठनः (१) उच्च शिक्षामा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्बन्धी कार्यका लागि देहाय अनुसारको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद रहने छ ।

(ख) उच्च शिक्षाको गुणस्तर सुनिश्चितताका लागि मापदण्ड, मानक, तथा सूचकहरु निर्धारण गर्ने ।

(ग) मापदण्ड, मानक र सुचकका आधारमा योग्य देखिएका उच्च शैक्षिक संस्था तथा कार्यक्रमलाई प्रत्यायनकृत गर्न आयोगमा सिफारिस गर्ने ।

(घ) समग्र उच्च शिक्षाको विकासलाई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणालीसँग आवद्ध गर्ने ।

(ङ) गुणस्तर सुनिश्चितताका लागि गुणस्तर मूल्याङ्कन, प्रवर्धन र निरन्तर विश्वसनियताको लागि विश्वविद्यालय, अन्य उच्च शैक्षिक संस्थाहरु तथा व्यावसायिक परिषदहरूसँग समन्वयको व्यवस्था गर्ने ।

(च) गुणस्तर सुनिश्चितता तथा प्रत्यायनसम्बन्धी अन्तर्राष्ट्रिय निकायहरूसँग सम्बन्ध विकास तथा विस्तार गर्ने ।

(२) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषद्का सबै कार्यहरु राष्ट्रिय नीति र कानूनको मर्म अनुरूप हुनेछन् ।

(३) परिषदले आवश्यकता अनुसार समिति, उपसमिति, कार्यदल आदि गठन गर्न सक्नेछ ।

६ <u>परिषद्को सचिवालय:</u> परिषद्को दैनिक कार्य सञ्चालन आयोगको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखाले सचिवालयको रुपमा काम गर्नेछ । यसका लागि आवश्यक कर्मचारी आयोगले उपलब्ध गराउने छ ।

७ <u>गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको प्रमातिण क्षेत्र:</u> (१) शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्रदान गरिने क्षेत्र देहाय अनुसार हुनेछ ।

(क) विश्वविद्यालय वा उच्च शैक्षिक संस्थाको शैक्षिक कार्यक्रम,

(ख) उच्च शैक्षिक संस्था ।

८ <u>मानक र सूचकहरुको निर्धारण:</u> गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रणाली अन्तर्गत स्वपरीक्षण, समकक्षी परीक्षण तथा प्रत्यायन प्रयोजनको लागि गुणस्तर सुनिश्चितता तथा प्रत्यायनका मानकहरु र सूचकहरुको निर्धारण, तिनको पूर्णाङ्, अकभार, मूल्याङ्कन पद्धति र प्रत्यायनकृत हुनको निम्ति योग्य ठहरिन प्राप्त गर्नुपर्ने आवश्यक न्यूनतम अंक वा श्रेणी र अन्य शर्तहरु परिपद्ले तोके बमोजिम हुनेछ ।

९ <u>समकक्षी परीक्षण टोलीको गठन</u> : (१)उच्च शैक्षिक संस्था वा शैक्षिक कार्यक्रमको समकक्षी परीक्षण गर्ने टोलीको गठन परिपद्ले तोके बमोजिम हुनेछ ।

(क) विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष - अध्यक्ष

(ख) विश्वविद्यालय अनुदान आयोगका सचिव - सदस्य

(ग) विषयगत रुपमा प्राध्यापकहरु मध्येबाट आयोगबाट मनोनित ३ जना( जस मध्ये एक जना महिला र समकक्षी परीक्षण टोलीका प्रमुखको रुपमा काम गरेका व्यक्ति समेत) - सदस्य

(घ) सह-सचिव, शिक्षा मन्त्रालय (उच्च शिक्षा हेर्ने) - सदस्य

(ङ) आयोगबाट तोकिएको पेशागत परिषदबाट मनोनित सम्वन्धित परिषदका अध्यक्ष वा निजले तोकेका पदाधिकारीहरुमध्येबाट ४ जना - सदस्य

(च) प्रमुख, गुणस्तर सुनिश्चितता तथा प्रत्यायन महाशाखा, विश्वविद्यालय अनुदान आयोग -सदस्य सचिव

(२) मनोनित सदस्यहरुको पदावधि चार वर्षको हुनेछ । निजहरुलाई अर्को एक पदावधिको लागि पुनः मनोनयन गर्न सकिनेछ ।
(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए मनोनीत सदस्यले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा वा परिषद्को हित विपरीत कुनै काम गरेमा आयोगले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम सदस्यलाई पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

४ परिषदको बैठकः (१) परिषदको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) बैठकको सूचना सदस्य-सचिवले चौबीस घण्टा अगावै गर्नेछ ।

(३) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(४) परिषदको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकका लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) परिषदको निर्णय सर्वसम्मत नभए बहुमतबाट पारित हुनेछ ।

(६) बैठकमा आवश्यकता अनुसार अध्यक्षले कुनै पनि विज्ञहरुलाई आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ ।

(७) बैठकको निर्णय परिषद्को सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) बैठकमा उपस्थित सदस्य तथा आमन्त्रित सदस्यले नियमानुसारको बैठक भत्ता पाउन सक्नेछन् ।

५. परिषदको काम, कर्तव्य र अधिकारः (१) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषदको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहने छ :

(क) उच्च शिक्षाको शैक्षिक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्वन्धी विधि र प्रकृया सुनिश्चित गरी सोही अनुरुप गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्वन्धी काम गर्ने गराउने ।

(२) उपनियम (१) बमोजिमको समकक्षी परीक्षण टोलीले उच्च शैक्षिक संस्था वा शैक्षिक कार्यक्रमलाई प्रत्यायन गर्ने वा नगर्ने ठहर सहितको सिफारिस र अन्य सुझावहरु परिषद् समक्ष पेश गर्नु पर्नेछ। उक्त सिफारिसमा परिषद् विश्वस्त भएको अवस्थामा परिषदले आयोग समक्ष अन्तिम निर्णयको लागि सिफारिस गर्नेछ।

१० अनुमति लिनु पर्ने: गुणस्तर सुनिश्चितता तथा प्रत्यायनका निम्ति आवेदन दिने वा गुणस्तर सुनिश्चितता तथा प्रत्यायनको जुनसुकै चरणमा पुगेको संस्था वा शैक्षिक कार्यक्रमले अन्य कुनै स्वदेशी वा विदेशी संस्थाबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायनकृत गराउन चाहेमा यस आयोगबाट अनिवार्य स्वीकृती लिनु पर्नेछ। त्यसरी स्वीकृत नलिने संस्थाहरुको गुणस्तर सुनिश्चितता तथा प्रत्यायनका आधारमा प्रदान गरिने अनुदान रकम तथा सुविधा घटाउन वा रोक्न परिषदले आयोग समक्ष सिफारिस गर्न सक्नेछ।

११. प्रत्यायन प्रमाणपत्रका लागि सिफारिस गर्ने: कुनै विश्वविद्यालय, उच्च शैक्षिक सस्था वा त्यस अन्तरगत सञ्चालित शैक्षिक कार्यक्रमहरुलाई निर्धारित प्रक्रिया बमोजिम प्रत्यायन गर्न उपयुक्त देखिएमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन परिषदले त्यस्तो उच्च शैक्षिक संस्था वा शैक्षिक कार्यक्रमलाई तोकिए बमोजिमको प्रत्यायन प्रमाणपत्रका प्रदान गर्नका लागि आयोग समक्ष सिफारिस गर्नेछ।

१२. प्रत्यायन शुल्क सम्बन्धी ब्यवस्था: गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रत्यायन कार्यका लागि लिने शुल्क परिषदले तोके बमोजिम हुनेछ।

१३. प्रत्यायन निलम्वन गर्न सकिने: (१) गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त शैक्षिक संस्थाले प्राप्त गरेको प्रत्यायन प्रमाणपत्र देहायको अवस्थामा निलम्बन गर्न सकिनेछ।

(क) यस नियमावली बमोजिमका शर्त वा प्राप्त प्रत्यायन प्रमाणपत्रको मर्यादा विपरित कुनै सस्था वा शैक्षिक कार्यक्रमले गुणस्तर कायम राख्न नसकेको पाइएमा त्यस्तो संस्था वा शैक्षिक कार्यक्रमको प्रत्यायन निलम्वन गर्न सकिने छ। यस्तो अवस्थामा परिषदले आयोगलाई निलम्वनका लागि सिफारिस गर्नेछ।

(ख) परिषद्को सिफारिसमा आयोगले निलम्वन गर्ने विषयमा आवश्यक निर्णय गर्नेछ।

(ग) निलम्बन गर्नु अघि सम्बन्धित शैक्षिक संस्थालाई सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(घ) परिषदको सिफारिसमा आयोगले निलम्वित प्रत्यायन फुकुवा वा रद्द गर्न सक्नेछ।

१४. प्रत्यायनकृत संस्था वा शैक्षिक कार्यक्रमको काम, कर्तव्य र जवाफदेहिता: गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त गरेको प्रत्यायनकृत उच्च शैक्षिक सस्था वा शैक्षिक कार्यक्रमले गर्नुपर्ने काम, कर्तव्य र जवाफदेहीता तोकिए बमोजिम हुनेछ।

१५ प्रत्यायनकृत प्रतिक चिन्हको प्रयोग: प्रत्यायनकृत उच्च शैक्षिक सस्था वा कार्यक्रमले निर्धारित प्रत्यायन प्रतिक चिन्ह आयोगले तोकिए बमोजिम हुनेछ।

१६ <u>शर्त र निर्देशनहरुको पालन:</u> यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि प्रत्यायनकृत उच्च शैक्षिक संस्था वा शैक्षिक कार्यक्रमले अख्तियारवालाले दिएको शर्त र निर्देशनहरु पालन गर्नु पर्नेछ ।

१७ <u>पुन:प्रत्यायन:</u> गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणपत्र प्राप्त संस्था वा कार्यक्रमले प्रत्यायनलाई निरन्तरता दिन निर्धारित समयावधि सकिन एक वर्ष अगाडि नै आशय पत्र परिषदमा बुझाउनु पर्नेछ । पुन : परीक्षणमा प्रथम पटकको परीक्षणकै सम्पूर्ण प्रकृया अपनाउन वा यसका अतिरिक्त परिषदले थप मापदण्ड समेत बनाउन सक्ने छ ।

## परिच्छेद-३

## <u>विविध</u>

१८ <u>निर्देशिका र कार्य निर्देशिका बनाउन सक्ने</u> : नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा अर्थ मन्त्रालयको सहमति लिई गुणस्तर सुनिश्चितता तथा प्रत्यायन सम्वन्धी कार्यहरुलाई व्यवस्थित गर्न आयोगले निर्देशिका र परिषदले कार्य निर्देशिका बनाइ लागू गर्न सक्ने छ ।

१९. **प्रचलित कानून बमोजिम हुने** : यस नियमावलीमा लेखिएका नियमहरुको हकमा यसै नियमावली बमोजिम हुने र यस नियमावलीमा बाझिएका विषयमा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।